नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## विभूषण समितिको प्रेस विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०१।०४ गतेको निर्णय बमोजिम माननीय उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलज्यूको अध्यक्षतामा माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल', प्रा. डा. मीना वैद्य मल्ल, प्रा.डा. ईन्द्रजित राई, श्री हरिहर शर्मा, ई. काशेन्द्र प्रसाद यादव, उपरथी श्री विनोद कुमार श्रेष्ठ (अ.प्रा.) सदस्यहरु र गृह सचिव श्री प्रेम कुमार राई सदस्य सचिव रहेको विभूषण समिति गठन भएको ।

उक्त विभूषण समितिको बैठकबाट राष्ट्रका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका महानुभावहरु मध्ये नेपाल रत्न १, महाउज्ज्वल राष्ट्रदीप ४, सुप्रसिद्ध प्रवल जनसेवा श्री १, उज्ज्वल कीर्तिमय राष्ट्रदीप २, सुकीर्तिमय राष्ट्रदीप ३, सुप्रवल जनसेवा श्री ९६, कीर्तिमय राष्ट्रदीप १, प्रवल जनसेवा श्री १६१, जनसेवा श्री ७४, अलङ्कार ८७ र पदक ८७ गरी जम्मा ५१७ जना महानुभावहरुलाई विभूषण प्रदान गर्न र विभिन्न मुलुकबाट १४४ राष्ट्रसेवक तथा नेपाली नागरिकहरुलाई प्रदान गरिने विभिन्न प्रकृतिका विभूषणहरु ग्रहण गर्न स्वीकृति दिन नेपाल सरकार (मन्त्रिपरिषद्) मा सिफारिस भएको ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को सिफारिस अनुसार सम्माननीय राष्ट्रपतिज्यूबाट विभूषण प्रदान गर्ने घोषणा भएकोमा घोषित महानुभावहरु मध्ये मानपदवी प्राप्त गर्ने ३४३ जना महानुभावहरुलाई सम्वत् २०७६ बैशाख १ गते राष्ट्रपतिको कार्यालय शीतल निवासमा सुशोभन समारोह आयोजना गरी सम्माननीय राष्ट्रपतिज्यूबाट विभूषित गर्ने कार्यक्रम रहेको व्यहोरा सम्वद्ध सबैमा अनुरोध छ ।

मितिः २०७५।१२।२९ गते ।

रामकृष्ण सुवेदी
सह-सचिव/प्रवक्ता